नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

# कास्की

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम
जिल्ला प्रशासन कार्यालय, कास्कीबाट
२०८३ साल श्रावण, भदौ र असोज महिनामा
सम्पादित कार्यहरुको स्वत: प्रकाशित विवरण
**(Pro-active Disclosure)**

२०८३ साल असोज ३० गते

# विषयसूची


१. जिल्ला प्रशासन कार्यालय, कास्कीको कार्य प्रकृति: ..........३

२. जिल्ला प्रशासन कार्यालय, कास्कीको काम, कर्तव्य र अधिकार: ..........३

३. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहने कर्मचारी संख्या र कार्य विवरण: ..........४

४. जिल्ला प्रशासन कार्यालय, कास्कीवाट प्रदान गरिने सेवा: ..........४

५. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका शाखा र जिम्मेवार अधिकारी: ..........६

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: ..........६

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी: ..........९

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी: ..........९

९. सम्पादन गरेको कामको विवरण:- ..........९

१०.सूचना अधिकारी र प्रमुखको नाम र पद: ..........११


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम जिल्ला प्रशासन कार्यालय, कास्की सँग सम्बन्धित विवरण

## आ.ब. २०८३/८४

## (२०८३ श्रावण १ देखी २०८३ असोज मसान्तसम्म)

१. जिल्ला प्रशासन कार्यालय, कास्कीको कार्य प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । यस कार्यालयको काम, कर्तव्य र अधिकारहरुलाई मूलत: स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण एवम् स्थानीय र प्रदेश सरकारका कानून कार्यान्वयनमा आवश्यक सहयोग पुर्याउने विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवम् वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, स्वच्छ बजार प्रबर्द्वनका लागि बजार अनुगमन गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकाय वीच उचित समन्वय गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरूपण, आर्थिक अनियमितता एवम् भ्ष्ट्राचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (Vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ती सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (Goals) लिएर कार्य गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवम् जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्य लिएको छ ।

२. जिल्ला प्रशासन कार्यालय, कास्कीको काम, कर्तव्य र अधिकार :

क) जिल्ला भित्र शान्ति, सुरक्षा, अमनचयन,अपराध नियन्त्रण र सुव्यवस्था कायम गर्ने ।

ख) जिल्लामा सञ्चालित विकास निर्माणका कार्यहरुमा सहयोग, समन्वय र अनुगमन गर्ने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

ग) जिल्लामा रहेका सार्वजनिक सम्पत्तिहरुको संरक्षण गर्ने।

घ) जिल्लामा आईपर्ने विपद्का घटनाहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।

ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई व्यवस्थित गर्ने।

च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।

छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा अर्धन्यायिक निकायको भूमिकामा रही न्याय निरुपण गर्ने ।

ज) नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।

ञ) राहदानी सम्बन्धी कार्य गर्ने ।

ट) संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नवीकरण गर्ने ।

ठ) अन्य निकाय वा कार्यालयले कार्यसम्पादन गर्ने भनी तोकिएका विषयहरु कार्यान्वयन गर्ने ।

ड) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध विषयहरु कार्यान्वयन गर्ने ।

## ३. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहने कर्मचारी संख्या र कार्य विवरण :

| सि.नं. | पद | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | २ | |
| ३ | प्रशासकीय अधिकृत | ४ | |
| ४ | नायव सुब्बा | १३ | |
| ५ | कम्प्युटर अपरेटर | ३ | |
| ६ | लेखापाल | १ | |
| ७ | खरिदार | ६ | |
| ८ | हलुका सवारी चालक | ३ | |
| ९ | कार्यालय सहयोगी | ८ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| जम्मा | ४१ | |

४. जिल्ला प्रशासन कार्यालय, कास्कीवाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा:**

- नाम, थर वा उमेर आदि प्रमाणित ।
- नावालक परिचय पत्र जारी।
- पारिवारिक विवरण, पेन्सन र रहलपहल सम्वन्धी सिफारिस ।
- दलित, मधेसी, आदिवासी/जनजाती, खसआर्य आदि प्रमाणित ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- तिब्बतीयन शरणार्थी सम्बन्धी कार्य ।
- यात्रा अनूमति (Travel Document)सम्बन्धि कार्यहरु ।
- विविध कार्य ।

**ख) राहदानी सम्वन्धी सेवा:**

- विद्युतीय राहदानीको ईन्रोलमेन्ट तथा बायोम्याट्रीक गर्ने ।
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित ।
- विद्युतीय राहदानीको वितरण ।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशजको आधारमा नागरकताको प्रमाण पत्र जारी ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र जारी ।
- गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी ।
- आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र जारी ।
- पित्तृत्व/मातृत्वको ठेगान नभएका व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्र जारी ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी ।
- नामथर, जन्म मिति, सामान्य त्रुटि संशोधन ।
- हिनताबोधको कारण नाम वा थर परिवर्तन गरी नियमानुसार नेपाली नागरिकताको प्रतिलिपि जारी ।

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- अभद्र व्यवहार सम्बन्धि ।
- गुनासो वा ठाडो उजुरी ।
- वैदेशिक रोजगारीमा भएको ठगी/ गुनासो सम्बन्धी ।
- उपभोक्ता संरक्षण ऐन सम्बन्धित मुद्दाको सुनुवाई ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

ङ) **हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

च) **संस्था दर्ता तथा नवीकरण सम्बन्धी र नावालक परिचयपत्र सम्बन्धी सेवा :**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।
- नावालक परिचयपत्र जारी ।
- पत्रपत्रीका दर्ता/नविकरण
- छापाखाना दर्ता/नविनरण
- बाल सुधार गृह/ मानव सेवा आश्रम/बृद्धाश्रम/पुनःर्स्थापना केन्द्र सम्बन्धी कार्य ।

छ) **आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा :**

- सहज आपूर्ति व्यव्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन ।
- उपभोक्ता हित संरक्षणका लागि नियमित बजार अनुगमन
- रात्रीकालीन व्यवसाय अनुगमन ।

ज) **विपद् व्यवस्थापन सम्बन्धी सेवा :**

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी ।
- विपद्मा भएको क्षति विवरण संकलन ।
- विपद्का घटनाबाट पीडित भएकालाई क्षतिपूर्ति एवम् राहत वितरण तथा पुन:र्स्थापना ।

झ) **सुशासन सम्बन्धी सेवा :**

- अ.दु.अ.आ.बाट प्राप्त निर्देशन बमोजिम आवश्यक जाँचबुझ, प्राप्त गुनासोको सम्बोधन एवम् प्रतिवेदन सम्बन्धी कार्य ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारबाट प्राप्त निर्देशन बमोजिम आवश्यक जाँचबुझ, प्राप्त गुनासोको सम्बोधन एवं प्रतिवेदन सम्बन्धी कार्य ।
- नियमक निकायहरुबाट प्राप्त निर्देशन बमोजिम आवश्यक जाँचबुझ, प्राप्त गुनासोको सम्बोधन एवम् प्रतिवेदन सम्बन्धी कार्य ।
- कार्यालयले सञ्चालनमा ल्याएको क्यू आर कोड स्क्यान गरी उजुरी/गुनासो गर्न सकिने प्रणालीमा प्राप्त गुनासोको सम्बोधन सम्बन्धी कार्य
- कार्यालयमा सिधै प्राप्त गुनासोको सम्बोधन सम्बन्धी कार्य
- सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी गुनासोको सम्बोधन सम्बन्धी कार्य ।
- जिल्ला स्थीत सरकारी कार्यालयहरुको अनगुमन सम्बन्धी कार्य ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

## ५. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका शाखा र जिम्मेवार अधिकारी :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकृत गुनासो सुन्ने अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | स्थानीय प्रशासन तथा शान्ती सुरक्षा शाखा | प्र.अ. राम प्रसाद सुवेदी | स.प्र.जि.अ. रमेश घर्ति<br>स.प्र.जि.अ. राम चन्द्र लामगादे |
| २ | राहदानी शाखा | अपरेटर कमल पोखरेल | |
| ३ | नागरिकता शाखा | प्र.अ. सुवोधबाबु पौडेल | |
| ४ | मुद्दा शाखा | प्र.अ. बाबुराम न्यौपाने | |
| ५ | प्रतिलिपि नागरिकता शाखा | प्र.अ. प्रदिप पौडेल | |
| ६ | आर्थिक प्रशासन शाखा | लेखापाल ललिता शर्मा | |
| ७ | हातहतियार | प्र.अ. राम प्रसाद सुवेदी | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. २०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | विद्युतीय राहदानी फाराम संकलन | नावालक-२५००/-<br>साधारण-५०००/- | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | नि:शुल्क | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | नि:शुल्क | प्राप्त भएपछि | |
| ७ | गुनासो वा ठाडो उजुरी | रु. १०/- को हुलाक टिकट | यथाशिघ्र | |
| ८ | नामथर, उमेर आदि प्रमाणित | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नाबालक परिचयपत्र | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक विवरण पेन्सन र | रु. १०/- को हुलाक | प्रक्रिया पुगेकै दिन | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | रहलपहल सम्बन्धी सिफारिस | टिकट | | |
| ११ | संस्था दर्ता | रु. १०००/- | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नविकरण | रु. ५००/- | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित,मधेशी , आदिवासी / जनजाती सिफारिस | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक रु. १०००/-<br>साप्ताहिक रु. ५००/-<br>पाक्षिक रु. ३००/-<br>मासिक रु. २००/- | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | रु. १०००/- | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | रु. १०००/- | प्रक्रिया पुगेकै दिन | |
| १९ | हातहतियार नवीकरण | | | |
| | हातहतियारको किसिम | जिल्लाभरको राजश्व | नेपालको राजश्व | |
| | कुनै पनि राईफल | रु. ३०००/- | रु. ४०००/- | |
| | टोटावाला बन्दुक | रु. २०००/- | रु. ३०००/- | |
| | भरुवा बन्दुक | रु. १५००/- | रु. २०००/- | |
| | हावादारी बन्दुक | रु. १०००/- | रु. १५००/- | |
| २० | नामथर जन्म ,मिति संशोधन | रु. १०/- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| २१ | क्षतिपूर्ती एवम् राहत वितरण | | प्रक्रिया पुगेकै दिन | |
| २२ | सार्वजनिक शान्ति सुरक्षा सम्बन्धी उजुरी | रु. १०/- को हुलाक टिकट | कानून बमोजिम | |
| २३ | अख्तियार दुरुपयोग सम्बन्धी उजुरी | नि:शुल्क | आयोगबाट प्राप्त समयसीमा भित्र | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश छत्री
सहायक प्रमुख जिल्ला अधिकारी

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

क) निर्णय गर्ने प्रक्रिया:-

सुशासन (व्यवस्थापन तथा सञ्चालन), ऐन, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५), सरकारकी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५, सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्राचलिक कानून बमोजिम ।

ख) निर्णय गर्ने अधिकारी:-

- प्रमुख जिल्ला अधिकारी
- सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरु : प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- प्रमुख जिल्ला अधिकारी र
- सहायक प्रमुख जिल्ला अधिकारी
- प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्नुपर्ने कार्यका सम्बन्धमा परेका उजुरी र निर्णय सुन्ने अधिकार प्रमुख जिल्ला अधिकारी वा अधिकार प्रत्यायोजन भए पश्चात अधिकार प्राप्त अन्य पदाधिकारी ।

## ९. सम्पादन गरेको कामको विवरण:-

**(२०८३ श्रावण महिना देखी २०८३ असोज मसान्तसम्म)**

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नेपाली नागरिकताका प्रमाण पत्र वितरण *(वंशजको आधारमा प्रतिलिपि वाहेक)* | २०६८ | |
| २ | वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाण पत्र | ६ | |
| ३ | बावुको जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | ० | |
| ४ | आमाको नामबाट नेपाली नागरिकताको प्रमाण पत्र वितरण | ७ | |
| ५ | गैरआवासीय | ३४ | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ६ | नेपाली नागरिकताको प्रतिलिपि वितरण | २११८ | |
| ७ | राहदानी सिफारिस (सामान्य) | ३९८५ | |
| ८ | राहदानी सिफारिस (द्रुत) | २० | |
| ९ | गुनासो वा ठाडो उजुरी | १५३ | |
| १० | नाम थर, उमेर आदि प्रमाणित | ८६ | |
| ११ | नावालक परिचयपत्र | २३४ | |
| १२ | पारिवारिक विवरण पेन्सन, र रहलपहल सम्बन्धी सिफारिस | १५१९ | |
| १३ | संस्था दर्ता | २४ | |
| १४ | संस्था नवीकरण | ३०३ | |
| १५ | संस्थाको विधान संशोधन | ४ | |
| १६ | दलित, मधेशी, जनजाती, खस आर्य आदि प्रमाणित | २६९ | |
| १७ | पत्रपत्रिका दर्ता | १ | |
| १८ | हातहतियार नामसारी/ठाउँसारी | ० | |
| १९ | हातहतियार नवीकरण | १३२ | |
| २० | प्रकोप पीडितलाई राहत वितरण | १ | |
| २१ | अभद्र व्यवहार सम्वन्धी लागयत मुद्दा | २८४ | गत बर्षको अ.ल्या.समेत |
| २२ | हेलो सरकार/ अख्तियार दुरूपयोग सम्वन्धी उजुरी | ६८ | प्रारम्भिक कार्य अगाडी बढाईएको/सम्बन्धित निकायलाई निर्णय कार्यान्वयनको लागि लेखी |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | | पठाईएको ।<br>कार्य फछ्र्यौट सत प्रतिशत |
| २३ | एकीकृत घुम्ती शिविर आयोजना | नभएको | |
| २४ | बजार अनुगमन | ९ | दैनिक उपभोग्य वस्तुहरुसँग सम्वन्धित पसलहरु र औषधि पसलहरुको अनुगमन गरिएको |
| २५ | विकास आयोजना निरिक्षण | निरन्तर | |
| २६ | सार्वजनिक सुनुवाई कार्यक्रमहरुको समन्वय | निरन्तर | |
| २७ | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत निरीक्षण | आवश्यकता अनुसार गरिएको | |
| २८ | सेवाग्राही सन्तुष्टिको स्तर मापन | उत्तम | |
| २९ | राजनीतिक दलहरु, गै.स.स. र नागरिक समाजसँगको समन्वय | राम्रो | |
| ३० | बजार सरसफाई अभियानको समन्वय | प्रभावकारी | |

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

क) **कार्यालय प्रमुख:**

- नाम : कुमान सिंह गुरुङ
- पद :प्रमुख जिल्ला अधिकारी
- मोवाइल नम्बर : ९८५६००७७७७

ख) **सूचना अधिकारी :**

- नाम : रमेश घर्ति
- पद : सहायक प्रमुख जिल्ला अधिकारी
- मोवाइल नम्वर : ९८५६०३७५०१

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ति
सहायक प्रमुख जिल्ला अधिकारी

- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ।
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारि कार्यविधि (संहिता) ऐन, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०५४
- जग्गा प्राप्ती ऐन,२०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली,२०२८
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुधार कार्ययोजना, २०७४
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड,२०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण :

(२०८३ श्रावण १ देखी २०८३ असोज मसान्तसम्म)

- जम्मा राजश्व रु. २,३४,५७,९७२/-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

रमेश घर्ती
सहायक प्रमुख जिल्ला अधिकारी

- जम्मा खर्च
    - पुजीगत रु : १५,५५,५७४/- (कुल रकमको ६०.१७%)
    - चालु रू : १,०३,७४,०८०.१८
- जम्मा वेरूजु रकम रु : ७,२२,९०२/- (विगतका बर्षहरू देखी बेरूजु लगत कायम रहेको)

- संपरीक्षणका लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश भएको बेरुजु रकम रु. ९,८७,५२३/-

१३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण:

- चुडाबहादुर निरौला, जिल्ला दररेट सम्बन्धी सूचना माग भएको, सदस्य सचिव (पूर्वाधार विकास कार्यालयलाई लेखि पठाईएको)

१४.कार्यालयको वेभसाइट र सम्पर्क सम्बन्धी विवरण:-

- वेवसाइट:- www.daokaski.moha.gov.np
- इमेल ठेगना:- daokaski@moha.gov.np, daokaski@gmail.com
- फोन नं:- 061-451764,061-4555075,061-455936
- फेसबुक पेज:- District Administration Office Kaski

*प्रकाशन मितिः २०८३/०६/३० गते*

*नेपाल संवतः ११४६*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

(रमेश घर्ति)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम्
सूचना अधिकारी
जिल्ला प्रशासन कार्यालय,कास्की